# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड २) छत्रदेव गाउँपालिका, मितिः २०७५/०२/१२ (संख्या ५

### भाग–२

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**संवत् २०७५ सालको कार्यविधि नं. ५**

**कार्यविधिको नाम : छत्रदेव गाउँपालिकाका सामुदायिक विद्यालयलाई अनुदान सञ्चालन कार्यविधि, २०७५**

**प्रस्तावना** : नेपालको संविधानको अनुसूचि ८ को क्र.सं. ८ मा आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन तथा अनुगमनको जिम्मेवारी स्थानीय तहको हुने भनिएको एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११.२.ज. को २१ मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन विद्यालयको आय, व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन भनि लेखिएको र सोही दफा २२ मा शिक्षण सिकाई,

शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास गर्ने काम कर्तव्य र अधिकार स्थानीय तहको भएको । वर्तमान संविधान अनुसार शिक्षा मौलिक अधिकार रहेको आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने उल्लेख भएकोमा वर्तमान परिवेश र शिक्षा नियमावली, २०५९ को संशोधन सहितको अनुसूची १२ मा व्यवस्था भए बमोजिम यस छत्रदेव गाउँपालिका अर्न्तगत सञ्चालित केही सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरु र मदरसाहरुमा नेपाल सरकारबाट उपलब्ध गराइएको दरबन्दी वा राहत अनुदान कोटाबाट विद्यालय सञ्चालन गर्न कठिनाई हुनुको साथै शिक्षक संख्या कमी हुनुको कारण विद्यार्थीहरुको सिकाई उपलब्धि न्युन भएकोले सिकाई उपलब्धि वृद्धि गरी सामुदायिक विद्यालयहरुको पठन पाठन सुसञ्चालन गर्न आवश्यक भएकोले यस छत्रदेव गाउँपालिकाले आ.व.२०७४/०७५ मा विनियोजन गरेको रकम खर्चगर्नका निम्ति यो कार्यविधि, २०७५ बनाई जारी गरिएको छ ।

## परिच्छेद-१
## नाम, प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम गा.पा. बाट "**छत्रदेव गाउँपालिकाका सामुदायिक विद्यालयलाई अनुदान सञ्चालन कार्यविधि, २०७५**" हुनेछ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

क) विद्यालय भन्नाले यस छत्रदेव गाउँपालिका अर्न्तगत सञ्चालित सामुदायिक आधारभूत तथा माध्यमिक

विद्यालय सम्झनु पर्दछ र सो शब्दले मदरसालाई समेत जनाउनेछ ।

ख) समिति भन्नाले सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

ग) छनौट समिति भन्नाले यस गाउँपालिकाको विनियोजित बजेटबाट शिक्षक नियुक्तिको लागि शिक्षा नियमावली, २०५९ बमोजिम गठित छनौट समिति भनि सम्झनु पर्छ ।

घ) शिक्षा ऐन भन्नाले शिक्षा ऐन, २०२८ को संधोधन समेतलाई बुझाउँछ ।

ङ) शिक्षा नियमावली भन्नाले शिक्षा नियमावली, २०५९ संशोधन समेतलाई बुझाउँछ ।

च) गाउँपालिका भन्नाले छत्रदेव गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ) कार्यविधि भन्नाले छत्रदेव गाउँपालिकाबाट सामुदायिक विद्यालयलाई विनियोजित रकम खर्च गर्ने सम्बन्धि कार्यविधि भनि सम्झनु पर्दछ ।

ज) विज्ञापन भन्नाले गाउँपालिकाबाट विनियोजित रकमबाट शिक्षक नियुक्ति गर्न विद्यालयले गरिने विज्ञापनलाई जनाउँछ ।

## परिच्छेद-२

## विनियोजित रकम खर्च सम्बन्धी विधि र प्रकृया

**३. विनियोजित रकम खर्च सम्बन्धी विधि र प्रकृया निम्नानुसार हुनेछ :**

(क) गाउँपालिकाबाट अनुदान रकम पाउने सामुदायिक विद्यालयले आफ्नो आवश्यकता अनुसार शिक्षक

नियुक्तिको लागि कम्तीमा सात दिन वा सो भन्दा बढी अवधि, तह, विषय, शैक्षिक योग्यता र पाउने तलव भत्ता खुलाई विज्ञापन गर्नुपर्नेछ ।

(ख) विद्यालयको शिक्षक छनौट समितिले दरखास्त दिने उम्मेदवारहरुको शिक्षा नियमावली, २०५९ संशोधन र प्रचलित कानून अनुसार विशेषज्ञ सहितको समितिबाट लिखित परीक्षा र अन्तरवार्ता लिई नियुक्तिको लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

(ग) यसरी सिफारिस भई आएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले करार नियुक्ति दिई गाउँपालिकाको विनियोजित रकमबाट विद्यालयको प्रस्तावना बमोजिम हुने गरी कार्यविधि वा निर्णय अनुसार तोकिएको तलव भत्ता खुवाउने छ ।

(घ) परिच्छेद २ (ग) बमोजिम नियुक्त भएका शिक्षकहरुलाई नेपाल सरकारले सामुदायिक विद्यालयका शिक्षकहरुलाई तोकेको तलव भत्ताको स्केल भन्दा बढी नहुने गरी निर्धारण गर्नुपर्नेछ ।

(ङ) कुनै पनि तहमा शिक्षक नियुक्ति गर्दा शिक्षा नियमावली, २०५९ संशोधन सहित वा प्रचलित ऐन कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुलाई मात्र प्रतिस्पर्धा गराई छनौट समितिबाट सिफारिस भइ सकेपछि मात्र विद्यालय व्यवस्थापन समिति बाट नियुक्ति दिनु पर्नेछ ।

## परिच्छेद-३

## गाउँपालिकासँग विद्यालयले गर्ने सम्झौताको प्रक्रिया

**४. विद्यालयले निम्न लिखित कागजात सहित गाउँपालिकामा सम्झौता गर्नुपर्नेछ।**

(क) विद्यालयको विद्यार्थी संख्या र पृष्ठभूमि राखी तयार गरेको कार्ययोजना सहितको प्रस्तावना

(ख) विद्यालय व्यवस्थापन समितिको सम्झौता सम्बन्धी निर्णयको प्रमाणित प्रतिलिपि र विद्यालयको पत्र

## परिच्छेद-४

## कार्यसम्पन्न प्रतिवेदन सम्बन्धी व्यवस्था

५. विद्यालयले विनियोजित रकम फरफारकको लागि निम्नानुसारका कागजातहरु संलग्न गरी गाउँपालिका कार्यालय छत्रगञ्जमा निवेदन पेश गर्नुपर्नेछ।

(क) शिक्षक नियुक्ति गरिएको कागजातहरु संलग्न गरिएको फाइल (वि.व्य.स.को निर्णय प्रति, विज्ञापन सम्बन्धी कागजातहरु, छनौट समितिको सिफारिस, नियुक्ति पत्रको प्रतिलिपि, विद्यालयको पत्र, योग्यताका कागजातहरु, करार सम्झौता र अन्य आवश्यक कागजातहरु)

(ख) सम्बन्धित शिक्षकको तलवी भरपाई

(ग) विद्यालय व्यवस्थापन समितिले तलव भत्ता तोकेको निर्णय तथा अन्य आवश्यक कागजातहरु

६. विद्यालयबाट रितपूर्वकका कागजातहरु तथा निर्णयहरु सहितको फाइल एवं आवश्यकता अनुसार विल भरपाई, अन्य

आवश्यक कागजातहरु प्राप्त भएमा गाउँपालिकाले कार्यसम्पन्न भएको मानी विनियोजित रकम फरफारक गर्न सक्नेछ । सो रकम विद्यालयको खातामा जम्मा गरी दफा ३ बमोजिम नियुक्त शिक्षकलाई तलव भत्ता खुवाउने प्रयोजनमा खर्च गर्न सकिनेछ ।

७. आ.व. २०७४।७५ मा यस गाउँपालिकाबाट माथि उल्लेखित प्रयोजनका निम्ति विनियोजन भएको रकम यसै कार्यविधि बमोजिम समावेश भएको मानिनेछ ।

प्रमाणिकरण मितिः २०७५/०२/१२

आज्ञाले<br>
**भेषराज पन्थ**<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
छत्रदेव गाउँपालिका